क.द.नं. ११०८१४/०६९/०७०

# आरएसडिसी लघुवित्त वित्तीय संस्था लि.
# RSDC LAGHUBITTA BITTIYA SANSTHA LTD.
(नेपाल राष्ट्र बैंकबाट इजाजतपत्र प्राप्त 'घ' वर्गको थोक लघुकर्जा प्रदायक राष्ट्रियस्तरको वित्तीय संस्था)

च.नं. ४६४।०८०।०८१
मिति: २०८०/०८/१७

श्री नेपाल स्टक एक्सचेन्ज लिमिटेड
सिंहदरबार प्लाजा, काठमाण्डौं ।

विषय: जानकारी सम्बन्धमा ।

महाशय,
उपरोक्त सम्बन्धमा यस वित्तीय संस्थाको मिति २०८० कार्तिक १८ मा बसेको सञ्चालक समितिको १४९ औं बैठकको निर्णय अनुसार संस्थाको दशौं वार्षिक साधारण सभा मिति २०८० मंसिर १० गते शुक्रबारका दिन वेष्टर्न एशियन होटल, बुटवल, रुपन्देहीमा गर्ने निर्णय गरे अनुसार, निर्धारित मितिमा साधारण सभा सम्पन्न भई निम्न अनुसारका निर्णयहरु गरेको व्यहोरा जानकारीका लागि अनुरोध छ ।

क) सामान्य प्रस्ताव :
१. दशौं वार्षिक साधारण सभाका लागि सञ्चालक समितिको वार्षिक प्रतिवेदन माथि छलफल गरी पारित गरेको ।
२. लेखापरीक्षकको प्रतिवेदन सहितको आर्थिक वर्ष २०७९/८० को वार्षिक आर्थिक विवरण (आषाढ मसान्त २०८० को वासलात, नाफा नोक्सान हिसाब र सोही अवधिको नगद प्रवाह विवरण र ईक्विटीमा भएको परिवर्तन लगायत वार्षिक आर्थिक विवरणसँग सम्वद्ध अनुसूचीहरु) उपर छलफल गरी पारित गरेको ।
३. आर्थिक बर्ष २०८०/८१ का लागि बाह्य लेखापरीक्षकमा श्री पि.वाई.सि.एण्ड एशोसिएट्स, काठमाडौं लाई नियुक्त गरी बाह्य लेखापरीक्षण गरे वापत रु. ३,२५,०००।०० ( अक्षरेपि तिन लाख पच्चिस हजार मात्र) कर बाहेक प्रदान गर्ने निर्णय गरेको ।
४. सञ्चालक समितिबाट प्रस्ताव गरिएको नगद लाभांश, चुक्ता पूँजीको ०.४५२६ (शुन्य दशमलव चार पाँच दुई छ) प्रतिशतले हुने रकम रु. ३९ लाख ३५ हजार ९ सय ४० रुपैयाँ २७ पैसा मात्र (बोनस शेयरको कर प्रयोजनार्थ) पारित गरेको ।

ख) विशेष प्रस्ताव :
१. सञ्चालक समितिबाट प्रस्ताव गरिएको चुक्ता पूँजीको ८.६ (आठ दशमलव छ) प्रतिशतले हुने रकम रु. ७ करोड ४७ लाख ८२ हजार ८ सय ६५ रुपैयाँ २२ पैसा बराबरको बोनस शेयर वितरण गर्न स्वीकृति प्रदान गरेको ।
२. संस्थाको जारी तथा चुक्ता पूँजी रु. ८६ करोड ९५ लाख ६८ हजार २ सय बाट वृद्धि गरी जारी तथा चुक्ता पूँजी रु. ९४ करोड ४३ लाख ५१ हजार ६५ रुपैयाँ २२ पैसा पुऱ्याएको ।
३. प्रस्तावित बोनस शेयर वितरण पश्चात कायम हुने शेयर पूँजीको आधारमा, वित्तीय संस्थाको शेयर संरचना परिमार्जन गरी संस्थापक शेयरधनी (समुह "क") को स्वामित्व ५१ प्रतिशत तथा सर्वसाधारण शेयरधनी (समुह "ख") को स्वामित्व ४९ प्रतिशत कायम गर्ने प्रस्ताव पारित गरेको ।
४. प्रबन्धपत्रको दफा ६ को पूँजी सम्बन्धी व्यवस्थामा आवश्यक संशोधन/परिमार्जन गरेको ।

# आरएसडिसी लघुवित्त वित्तीय संस्था लि.
# RSDC LAGHUBITTA BITTIYA SANSTHA LTD.
(नेपाल राष्ट्र बैंकबाट इजाजतपत्र प्राप्त 'घ' वर्गको थोक लघुकर्जा प्रदायक राष्ट्रियस्तरको वित्तीय संस्था)


५. शेयर संरचनामा परिवर्तन पश्चात नियमावलीको दफा २७ र ३१ मा रहेको सञ्चालक समिति सम्बन्धी व्यवस्थामा आवश्यक संशोधन/परिमार्जन गरेको ।

६. नियमावलीको दफा ३२ मा रहेको सञ्चालकको पारिश्रमिक, भत्ता र सुविधा सम्बन्धी व्यवस्थामा समसामयिक परिमार्जन गरेको ।

७. प्रस्तावित संशोधन/परिमार्जनमा नियामक निकायहरुबाट प्राप्त हुन आउने निर्देशन बमोजिम थपघट लगायत प्रबन्धपत्र तथा नियमावलीमा आवश्यक संशोधन गर्ने अख्तियारी सञ्चालक समितिलाई प्रदान गरेको ।

८. यस वित्तीय संस्था तथा अन्य कुनै वित्तीय संस्था एक आपसमा गाभ्ने/गाभिने (मर्जर) तथा प्राप्ति (एक्विजिशन) गर्न सञ्चालक समितिबाट गठित मर्जर समिति तथा सो ले गरेको कार्य अनुमोदन गर्न, नयाँ मर्जर समिति गठन गर्न, मर्जर तथा प्राप्तिको सन्दर्भमा DDA नियुक्ती गर्न, निजको पारिश्रमिक तोक्ने लगायतका प्रकृया अबलम्बन गरी अन्य वित्तीय संस्थालाई एक आपसमा गाभ्ने/गाभिने (मर्जर) तथा प्राप्ति (एक्विजिशन) गर्नको लागि सञ्चालक समितिलाई अख्तियारी प्रदान गरेको ।

ग) विविध:

१. बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ को दफा १४(३) अनुसार स्वतन्त्र सञ्चालकमा श्री सविना राना नियुक्त हुनुभएको जानकारी गराईएको ।

भवदीय,

.....................

ध्रुव कुमार पौडेल
प्रमुख कार्यकारी अधिकृत
१८/०८/२०८०

आरएसडिसी लघुवित्त वित्तीय संस्था लि. २०७०